# आदिवासी महिलाहरूको
# भूमि अधिकार सम्बन्धी अडान पत्र

राष्ट्रिय आदिवासी जनजाति
महिला महासंघ (निफ)

युरोपियन कमिसन

मिति: भदौ, २०७७

# राष्ट्रिय आदिवासी जनजाति महिला महासंघ

## कार्यसमितिका पदाधिकारीहरू

| पद | नाम |
|---|---|
| अध्यक्ष | श्री चिनी माया माझी |
| वरिष्ठ उपाध्यक्ष | श्री पासाङ ल्हामु घले |
| उपाध्यक्ष (हिमाल) | श्री छिङ चिप्पा ल्होमी |
| उपाध्यक्ष (पहाड) | श्री सृजना प्रधान |
| उपाध्यक्ष (तराई) | श्री लखि गणेश |
| महासचिव | श्री जुनिता राई (शान्ती) |
| कोषाध्यक्ष | श्री निर्मला भुजेल |
| सचिव (अनुसन्धान तथा सूचना र सञ्चार) | श्री सावित्रा चेपाङ |
| सचिव (विदेश तथा परियोजना) | श्री मन्जु धिमाल |
| सचिव (जनसम्पर्क तथा संगठन विस्तार) | श्री नानु थामी |
| सचिव (भाषा तथा संस्कृति) | श्री ल्याटिन डोल्मा लामा |

## आदिवासी महिलाहरुको भूमि अधिकार सम्बन्धी अडान पत्र


प्रकाशक : राष्ट्रिय आदिवासी जनाजाति महिला महासंघ (निफ)
सहयोगी संस्था : यूरोपियन कमिसन
सम्पादन मण्डल : डा. कृष्ण भट्टचन
: नन्द कन्दग्वा
संयोजक : कमला थापा
फोटो : निफ
लेआउट डिजाइन : सुवास राई
मुद्रक : ग्लोबल कनेक्सन मिडिया प्रा.लि.

# आदिवासी महिलाहरूको भूमि अधिकार सम्बन्धी अडान पत्र

अहरणीय, अभिभाज्य, वंशसिद्ध (Inherent), विश्वव्यापी र आधारभुत मानव अधिकार तथा स्वतन्त्रतालाई स्विकार तथा आत्मसात गर्दै,

अन्तर्राष्ट्रिय मानव अधिकार कानून, र साधनहरू विशेष गरी सन्धि, महासन्धि, अभिसन्धि, महिलामाथि हुने सबै प्रकारका विभेदविरूद्धको महासन्धि, नागरिक तथा राजनीतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय अभिसन्धि, आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय अभिसन्धि, जातिय विभेद उन्मुलन सम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि, आदिवासीहरूको अधिकार सम्बन्धी संयुक्त राष्ट्रसंघीय घोषणा पत्र, अन्तर्राष्ट्रिय श्रम संगठनको महासन्धि नं. १६९, बेईजिङ घोषणा पत्र र कार्य योजना, संयुक्त राष्ट्रसंघीय सुरक्षा परिषद्को प्रस्ताव नं. १३७५ र १८२०, आदिवासीहरूको सम्बन्धीको विश्व सम्मेलनको उपज दस्तावेज, जैविक विविधता सम्बन्धी महासन्धि धारा ८ (ञ) र १० (ग) सहितको घोषणाहरूले ग्यारेन्टी गरेका प्रत्येक व्यक्ति, महिला, आदिवासी महिलासहित आदिवासीहरूको अधिकारलाई स्वीकार तथा आत्मसात गर्दै,

आदिवासी महिलाको बेईजिङ घोषणा पत्र १९९५ लाई ध्यानमा राख्दै,

जनआन्दोलन र आदिवासी आन्दोलन, आदिवासी महिला आन्दोलन लगायतका आन्दोलनबाट प्राप्त उपलब्धिहरूको रक्षा गर्दै, र

हाम्रा सामुहिक अधिकारसहित आत्मनिर्णयको अधिकार, स्वायत्तता, स्वशासन, प्रथाजन्य कानून, पुर्ख्यौली भूमि, भू-भाग तथा स्रोतहरूमा स्वामित्व तथा नियन्त्रण, लैङ्गिक समता र समानताको प्रत्याभुत गर्नको लागि जस्तोसुकै मूल्य चुकाउन तयार हुने दृढता व्यक्त गर्दै,

आदिवासी महिलाहरू भूमि, भू-भाग र स्रोतहरू माथि आदिवासीहरूको सामुहिक अधिकारको अभिन्न अङ्ग हुन् । आदिवासी महिलााहरू आफै आदिवासीको सामुहिक भूमि, भू-भाग र स्रोतहरूको विकास तथा व्यवस्थापन, प्रयोग सम्बन्धी निर्णय गर्ने प्रकृयाका अङ्ग, व्यवस्थापनक र सहधनी हुन् । यसको सँग-सँगै



दनुवार महिलाहरूसँग लक्षित समूह छलफल, उदयपुर

आदिवासीहरूको सामुहिक भूमि अधिकार भित्र आदिवासी महिलाहरूको भूमि, भू-भाग र स्रोतहरूमा व्यक्तिगत अधिकार पनि हुन्छ भन्ने कुरालाई आत्मसात् गर्दै, हामी नेपालका आदिवासी महिलाहरू आदिवासी महिलाहरूको भूमि अधिकार सम्बन्धमा सामुहिक र व्यक्तिगत भूमि अधिकारबारे साझा बुझाई विकास गर्न, र विभिन्न तहका सरकार तथा राज्य, निजी कम्पनी, गैरसरकारी संस्थाहरू, महिला अधिकारका नेताहरू र अभियन्ताहरू, आदिवासी आन्दोलन तथा संगठनहरू, अन्तर्राष्ट्रिय विकास साझेदारहरू तथा अन्यलाई आदिवासी महिलाहरूको भूमि अधिकार सम्बन्धको अडान पत्रलाई स्पष्ट बनाउन, र आदिवासी महिलाहरू अभिन्न अङ्ग रहेको हाम्रो भूमि, भू-भाग तथा स्रोतहरूको मान्यता तथा सुरक्षाको लागी र अन्तर्राष्ट्रिय मानव अधिकारका औजारहरूले सुनिश्चित गरेका महिलाहरको भूमिमा सामुहिक तथा व्यक्तिगत अधिकारलाई सबल बनाउन समुदायदेखि राष्ट्रिय तथा अन्तर्राष्ट्रिय तहसम्म सशक्त आन्दोलन बढाउन र मजबुत गर्न यो अडान पत्र जारी गरेका छौं ।

**अडानहरू:**

**अडान १:** भूमि, भू-भाग तथा स्रोतहरूसँग सम्बन्धित आदिवासी महिलाहरूको सामुहिक मानव अधिकार हाम्रा अहरणीय, अभिभाज्य, प्राकृतिक, अन्तरनिहित (वंशसिद्ध) (Inherent), विश्वव्यापी र आधारभुत मानवअधिकार तथा स्वतन्त्रता भएको हुनाले कसैबाट पनि उल्लङ्घन, हस्तक्षेप, इन्कार, दुरूपयोग, वा वेवास्ता नगरोस् ।

**अडान २:** हामी नेपालका आदिवासी महिलाहरूलाई आफ्ना पुर्ख्यौली भूमि तथा सामुहिक जीवन पद्धति निर्वाधरूपमा पुस्तान्तरण गर्न कुनै प्रकार अवरोध नगरोस् ।

**अडान ३:** आदिवासी महिलाहरूको अस्तित्व, पहिचान, शान्ति र समृद्धिसँग भूमि, भू-भाग र स्रोतहरूमा हाम्रो सामुहिक स्वामित्व तथा नियन्त्रण अन्योन्याश्रीत भएकोले राज्य वा अन्य कसैले पनि कुनै प्रकारको उल्लंघन, हस्तक्षेप, इन्कार, दुरूपयोग वा वेवास्ता नगरोस् ।

**अडान ४:** हाम्रो भूमि, भू-भाग तथा स्रोतहरूमा आधारित तथा तिसँग जोडिएका हाम्रा प्रथाजन्य जीवन निर्वाह प्रणाली, आदिवासी ज्ञान, सीप, प्रविधि तथा आविष्कार, अभ्यास आदिमा आधारित हाम्रा आर्थिक सशक्तीकरणका गतिविधिहरूलाई कसैले पनि कुनै प्रकारको बाधा व्यवधान वा हस्तक्षेप वा अपराधीकरण नगरोस् ।[१]

**अडान ५:** आत्मनिर्णयको अधिकार, स्वायत्तता तथा स्वःसरकार प्रणालीहरू जस्तै सामुहिक शासन र व्यवस्थापनको लागि नभई नहुने गुठी, बडघर/भलमन्सा/मटावा, घम्पा 'मुखिया', मझीहडाम आदि आदिवासीहरूको भूमि, भू-भाग तथा स्रोतहरूका अभिन्न अङ्गहरू भएकोले निर्वाधरूपमा पूर्णरूपले अभ्यास गर्न कसैले पनि कुनै प्रकारको बाधा व्यवधान वा हस्तक्षेप नगरोस् ।[२]

**अडान ६:** आदिवासीहरूको अधिकार सम्बन्धी संयुक्त राष्ट्रसंघीय घोषणा

१. अन्तर्राष्ट्रिय श्रम संगठन महासन्धि नं १६९ को धारा १४(१) र १५ र आदिवासीहरूको अधिकार सम्बन्धी संयुक्त राष्ट्रसंघीय घोषणापत्रको धाराहरू ८, १०, २५, २६, २७, २८, २९, ३०, ३२ र ३३ अनुसार ।

२. अन्तर्राष्ट्रिय श्रम संगठन महासन्धि नं १६९ को धारा ६, आदिवासीहरूको अधिकार सम्बन्धी संयुक्त राष्ट्रसंघीय घोषणापत्रको धाराहरू ३, ४ र ५, नेपालको संविधान, २०७२ को धारा ५६(५) र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को धारा ९९ अनुसार ।

पत्रले निर्दिष्ट गरे अनुसार हामी आदिवासी महिलाहरूको स्वतन्त्र, अग्रिम जानकारी सहितको मन्जुरीबिना राज्य, निजी कम्पनी, अन्तर्राष्ट्रिय विकास साझेदारहरू सहित कुनै पनि बाहिरीयाले हाम्रो भूमि, भू-भाग तथा स्रोतहरू सम्बन्धमा प्रशासनिक, कानूनी वा विकास कार्य नगरोस् ।

**अडान ७:** महिलाविरूद्ध हुने सबै किसिमको विभेदलाई उन्मुलन गर्ने महासन्धि, बेईजिङ कार्य योजना र दिगो विकासका लक्ष्यहरू पनि आदिवासीहरूको अधिकार सम्बन्धी संयुक्त राष्ट्रसंघीय घोषणा पत्रको आधारमा लागु होस् ।

**अडान ८:** सिड (CEDAW) ले २८ कार्तिक २०७५ मा राज्य पक्ष नेपाललाई दिएको निष्कर्ष सुझावमध्ये अनुच्छेद ४१ (क) मा दिएको "आदिवासीको अधिकार सम्बन्धी संयुक्त राष्ट्रसंघको घोषणापत्र अनुरूप आदिवासी महिलाको अधिकार, विशेष गरी उनीहरूको आत्मनिर्णयको अधिकार स्पष्ट रूपमा पहिचान गर्न संविधान संशोधन गर्ने" सुझावलाई नेपालले अर्थपूर्णरूपमा कार्यान्वयन गरोस् ।

**अडान ९:** अन्तर्राष्ट्रिय श्रम संगठन महासन्धि नं १६९ र आदिवासीको अधिकार सम्बन्धी संयुक्त राष्ट्रसंघीय घोषणापत्रले निर्दिष्ट गरे अनुसार भूमि अधिकार लगायतका भूमि, भू-भाग तथा स्रोतहरू सम्बन्धमा आदिवासी महिलाहरूलाई योजना तर्जुमा गर्ने, निर्णय गर्ने, कार्यान्वयन गर्ने र अनुगमन तथा मुल्याङ्कन गर्ने सबै तह तथा प्रकृयाहरूमा प्रभावितहरूले स्वतन्त्ररूपमा छानेको प्रतिनिधिहरूको पुर्ण, समावेसी, अर्थपूर्ण तथा सोझै सहभागीता र प्रतिनिधित्वको लागि संविधान, कानून, नीति, योजना तथा कार्यक्रमहरूमा प्रत्याभुत गरोस् ।[३]

**अडान १०:** राज्यले भूमि अधिकारको सम्बन्धमा कानून, नीति तथा कार्यक्रममा महिलाको विविधता र आदिवासी महिलाहरूको कानूनी व्यक्तित्वलाई

३. महिलाविरूद्ध हुने सबै प्रकारको भेदभाव उन्मूलन सम्बन्धी महासन्धिको धारा १४(२) को उपधारा (छ), आदिवासीहरूको अधिकार सम्बन्धी संयुक्त राष्ट्रसंघीय घोषणापत्रको धाराहरू १८, २१ र २२, र नेपालको संविधान, २०७२ को धाराहरू ३८(१) र ३८(६) अनुसार ।



भूमि र मानव अधिकार सम्बन्धी तालिम, धनकुटा

हरण नगरोस् ।[४]

**अडान ११:** राज्य, गैरसरकारी संघ संस्था, निजी व्यापारिक कम्पनी र अन्तर्राष्ट्रिय विकास साझेदारले भूमि, भू-भाग तथा स्रोतहरू सम्बन्धी सूचनाहरूलाई आदिवासीको भाषा वा सम्बन्धित आदिवासी महिला समुदायले चाहेको भाषामा उपलब्ध गरोस् ।[५]

**अडान १२:** राज्य तथा सरकार, गैरसरकारी संघ संस्थाहरू र अन्तर्राष्ट्रिय विकास साझेदारहरूले आदिवासीहरूको भूमि, भू-भाग तथा स्रोतहरूलाई मान्यता दिन र प्रवर्धन गर्न भूमि, भू-भाग र स्रोतहरूसँग सम्बन्धित विषयहरूमा आदिवासीहरूको अधिकार सम्बन्धी संयुक्त राष्ट्रसंघीय घोषणापत्र, अन्तर्राष्ट्रिय श्रम संगठन महासन्धि नं १६९, महिलाविरूद्ध हुने सबै प्रकारका विभेद उन्मुलन गर्ने महासन्धि र जातीय विभेद उन्मुलन गर्ने महासन्धि अनुसार

४. महिलाविरूद्ध हुने सबै प्रकारको भेदभाव उन्मूलन सम्बन्धी महासन्धि र र नेपालको संविधान, २०७२ को धारा ३८(४) र ३८(५) अनुसार ।

५. अन्तर्राष्ट्रिय श्रम संगठन महासन्धि नं १६९ को धारा १४(१) र १५ अनुसार ।

आदिवासी महिलाहरू, लोपोन्मुख, अति सिमान्तकृत र सिमान्तकृत आदिवासी महिला र बालिकाहरू, अपाङ्गता भएका आदिवासी व्यक्तिहरू र आदिवासी यौनिक अल्पसंख्यक लक्षित नीति, योजना र कार्यक्रमहरूलाई उच्च प्राथमिकता दिएर नीति, योजना र कार्यक्रमहरू गरोस् ।

**अडान १३:** आदिवासीको भू-भाग र स्रोतमा कार्य गर्ने नेपाल सरकारका मन्त्रालय र विभागहरूसहित संघीय, प्रदेश र स्थानिय सरकारहरू, गैरसरकारी संघ संस्था, निजि व्यापारिक कम्पनी र अन्तर्राष्ट्रिय विकास साझेदारले आदिवासी महिलाका संघ संस्थाहरूसँग सहकार्य गरी पारदर्शी आदिवासी महिला बजेटिङ (आदिवासी महिलालाई बजेट विनियोजन) र आदिवासी महिला अडिटिङ (आदिवासी



आदिवासी महिलाहरूको भूमिअधिकार सम्बन्धी अडान पत्र विषयक कार्यशाला गोष्ठी, काठमाडौं

महिलालाई बजेट के कति छुट्यायो, के-कति, कसलाई कसरी कार्यान्वयन गर्‍यो लगायतको अध्ययन) गरोस् ।

**अडान १४:** हाल अस्तित्वमा रहेका सबै कानून, मस्यौदा कानून, नीति, नियम तथा निर्देशिका आदि सबै आदिवासीहरूको अधिकार सम्बन्धी संयुक्त राष्ट्रसंघीय घोषणा पत्र, जातीय भेदभाव उन्मूलन गर्ने महासन्धी (सर्ड), महिला विरूद्ध हुने सबै प्रकारका विभेद उन्मुलन गर्ने महासन्धि र अन्तर्राष्ट्रिय श्रम संगठन महासन्धी १६९ अनुसार होस् ।



माझी समुदायको पर्व लदिपूजा, सिन्धुपाल्चोक

**अडान १५:** आदिवासी महिलाहरूको बाध्यात्मक विस्थापन या उठिबास कुनै पनि हालतमा गर्न पाइँदैन तर अपवादको रूपमा यस्तो नगरी नहुने भएको खण्डमा पुनर्स्थापना, मुआब्जा र क्षतिपुर्तिको व्यवस्था आदिवासीहरूको अधिकार सम्बन्धी संयुक्त राष्ट्रसंघीय घोषणा पत्र, अन्तर्राष्ट्रि यश्रम संगठन महासन्धि नं. १६९ र सर्डको जनरल रेकमण्डेशन नं. २३ अनुरूप सम्बन्धित आदिवासी महिलाहरूको स्वतन्त्र, अग्रिम जानकारी सहितको मञ्जुरी लिएर मात्र गरोस् ।

**अडान १६:** भूमि, भू-भाग र स्रोतहरू सम्बन्धी कार्यक्रम तथा परियोजनाको सम्भावव्यता अध्ययन, प्रारम्भिक प्रभाव मुल्याङ्कन, वातावरणीय प्रभाव मुल्याङ्कन, सामाजिक प्रभाव मुल्याङ्कन, आवधिक मुल्याङ्कन र अन्तिम मुल्याङ्कन लगायतका अध्ययन, समीक्षा तथा मुल्याङ्कन गर्दा आदिवासी महिला र आदिवासी महिला विशेषज्ञको समेत पूर्ण, अर्थपूर्ण सहभागिता र प्रतिनिधित्वमा गर्नु पर्ने र यसो गर्दा आदिवासीहरूको अधिकार सम्बन्धी संयुक्त



एसियाका आदिवासी महिलाहरूको क्षेत्रीय भेला, काठमाडौं

राष्ट्रसंघीय घोषणा पत्र र अन्तर्राष्ट्रिय श्रम संगठन महासन्धि नं. १६९ अनुरूप गरोस् ।[६]

**अडान १७:** वन, संरक्षित क्षेत्र, नदीनाला, सिमसार, पहाड, चरिचरण आदि सहित भूमि, भू-भाग तथा स्रोतहरूसँग सम्बन्धित कानूनी, नीतिगत, योजना, कार्यक्रम तथा गतिविधिहरूमा हामी आदिवासी महिलाहरूलाई बहिष्करण र कुनै पनि प्रकारको विभेद नगरोस् ।

**अडान १८:** हामी आदिवासी महिला विरूद्ध हुने सबै प्रकारका हिंसा (संरचनागत हिंसा, सांस्कृतिक हिंसा, प्रत्यक्ष वा अप्रत्यक्ष हिंसा, भाषिक हिंसा, धार्मिक हिंसा, नश्लीय हिंसा, लैंगिक आधारमा हुने हिंसा, शारीरिक अवस्थाको आधारमा हुने हिंसालगायतका हिंसा) यौन दुर्व्यवहार तथा यौनजन्य हिंसाको अन्त्य होस् ।

**अडान १९:** आदिवासीको ऐतिहासिक थातथलोमा भएका व्यक्तिगत भूमि अधिकारलाई आदिवासीको सामुहिक भूमि अधिकार अन्तर्गत राखोस् र विशेषगरी भूमि, भू-भाग तथा स्रोतहरूमाथिको सामुहिक अधिकारलाई अतिक्रमण तथा बिगार्ने काम कसैले नगरोस् ।

**अडान २०:** विगतमा सरकार र आदिवासी समुदायसँग भएका सन्धि तथा

६. अन्तर्राष्ट्रिय श्रम संगठन महासन्धि नं. १६९ को धरा ७(२) र नेपालको संविधान, २०७२ को धारा ५१(ञ) अनुसार ।

सम्झौतालाई सम्मान गर्दै भूमि, भू-भाग र स्रोतहरूमा आदिवासी महिलाहरूको अभिन्नता रहेको सामुहिक अधिकार सहितको आदिवासीहरूको पूर्ववर्ती अधिकारलाई राज्यले सम्मान गरोस् ।

**अडान २१:** आदिवासी महिलाहरूको सीमा-पार भूमि प्रयोग, नियन्त्रण र व्यवस्थापनलाई राज्यले सुनिश्चित गरोस् ।

**अडान २२:** बेपत्ता छानविन आयोग र सत्य निरूपण तथा मेलमिलाप आयोग आदि जस्ता संक्रमणकालीन न्याय प्रकृयामा आदिवासी महिलाहरूको सहभागीता र प्रतिनिधीत्व गरोस् र द्वन्दपीडित आदिवासी महिला र बालिकाहरूलाई उचित न्याय देओस् ।

**अडान २३:** आदिवासीहरूको अधिकार सम्बन्धी संयुक्त राष्ट्रसंघीय घोषणा पत्र र अन्तर्राष्ट्रिय श्रम संगठन महासन्धि नं. १६९ ले निर्दिष्ट गरे अनुसार जलवायु परिवर्तनसँग सम्बन्धित सबै नीति, योजना तथा कार्यक्रमहरूमा राज्य, निजि क्षेत्र, गैरसरकारी संस्थाहरू, अन्तर्राष्ट्रिय विकास साझेदारहरूले आदिवासी महिलाहरूसँग साझेदारीमा काम गरोस् ।

**अडान २४:** राज्य तथा गैरराज्य पक्ष दुवैले संकलन गरी जारी गर्ने तथ्याङ्कमा जातिय लैंगिक, योग्यता तथा उमेरलाई संलग्न गरी आदिवासी, आदिवासी महिला, आदिवासी बालबालिका, आदिवासी यौनिक अल्पसंख्यक, अपाङ्गता भएका आदिवासी व्यक्तिहरू र जेष्ठ नागरिकको तथ्याङ्क छुट्याएर निकालोस् ।

**अडान २५:** आदिवासी महिलाहरूको भूमि अधिकारसहितका अधिकारहरू उलङ्घन गर्ने, आदिवासी तथा आदिवासी महिलाबीचको सहयोग, एकता तथा स्वार्थविरूद्ध गतिविधि र अभियान गर्ने राज्य तथा गैरराज्य पक्ष र अन्तर्राष्ट्रिय विकास साझेदारहरूको सहयोग रकम आदिवासी महिला र आदिवासी महिलाका संघ संस्थाहरूले नलिने र स्वीकार नगर्ने र तिनीहरूका सहयोग, योजना र कार्यक्रमको विरूद्धमा प्रतिरोध अभियान सञ्चालन गर्ने ।

**अडान २६:** हामी आदिवासी महिला, हाम्रो प्रतिनिधि संगठन र हाम्रो आन्दोलन भनेको आदिवासीहरूको पहिचानको मान्यता, ब्रह्माण्डीय

दृष्टिकोण (Cosmo-vision), बहुल-राष्ट्रवाद (Plurinationalism) र परम्परागत लोकतान्त्रिक स्वःसरकार प्रणाली (Customary Democratic Indigenous Self-government Systems) को लागि हो, र हामी बाहुनवाद/ब्राह्मणवाद (Bahunism/ Brahmanism) को विरूद्धमा छौं, हामी सबै खाले उपनिवेशवाद (All form of Colonialism), जातिवाद (Racism), जातवाद (Casteism), पितृसत्ता, लैंगिकवाद (Genderism), बिलयवाद (Assimilation or Melting Pot) र सबै प्रकारको विभेदको विरूद्धमा छौं र रहने छौं ।

**अडान २७:** हामी आदिवासी महिलाहरू हाम्रो सामुहिक प्रथाजन्य भूमि, भू-भाग तथा स्रोतहरूमा भएको सबै प्रकारका अतिक्रमणकारी विकास (Development Aggression)[७], टेरानलियस (Terranulius)[८], रिगालियन (Regalian)[९] तथा ईमिनेण्ट डोमेन (Eminent domain)[१०]को सिद्धान्त (Theory/Doctrine) अनुसार गरिएको कब्जाको विरूद्धमा छौं र रहने छौं ।

**अडान २८:** आदिवासी, आदिवासी महिला तथा बालबालिकाहरू माथि भएको संहारका साथै मानव अधिकारको पद्धतिगत उलङ्घन (Systematic Violation) भएको अवस्थामा त्यसको विरूद्ध हामी आदिवासी महिलाहरूको विद्रोह तथा रक्षा गर्ने हाम्रो पूर्ण अधिकार छ ।

**अडान २९:** हामी आदिवासी महिलाहरू सबैको मानव अधिकार र सामाजिक न्यायको पक्षमा छौं तथा रहन्छौं र तिनको प्राप्तिको लागि सदा काम गर्छौं र निरन्तर गरिरहने छौं ।

---

७. राज्य, सरकारी वा निजि व्यापारिक कम्पनी वा गैरसरकारी संस्था वा अन्तर्राष्ट्रिय विकास साझेदार संस्था वा अन्य कुनै पनि बाह्य पक्षले आदिवासीको आत्मनिर्णित विकासलाई इन्कार गरेर लादेको विकासलाई अतिक्रमणकारी विकास भनिन्छ ।

८. टेरालयिस भनेको खाली जमिन हो । साम्राज्यवादी र उपनिवेशवादीहरूले आदिवासीको भूमि, भू-भाग र स्रोतमा कथित वैधानिक आधारमा अधिपत्य जमाउन यदि कुनै भूमि, भू-भाग र स्रोत खाली छ अर्थात कसैको लिखितममा स्वामित्व र नियन्त्रण छैन भने त्यो राज्यको हुन्छ भन्ने सिद्धान्त निकालेर हडप्ने गरेको छ ।

९. रिगालीयन डक्ट्राईन भनेको राज्यभित्र भएको भूमि, भू-भाग र स्रोत राजाको हुन्छ र राजाले दिए पछि मात्र अरूले भोग चलन गर्न पाउँछ भन्ने हो ।

१०. भूमि, भू-भाग र स्रोत राज्यको ऐमिनेण्ट डोमन अर्थात राज्यको हो र राज्यले चाहेको बेला व्यक्ति वा संस्थाको भूमि, भू-भाग र स्रोत खोसेर लिन सक्छ भन्ने हो ।